परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily

राष्ट्रिय दैनिक

वर्ष : ३ अंक : ११० पृष्ठ ४ २०८१ माघ २५ गते, शुक्रबार 7-February, 2025 मूल्य रु. ५/-


9854020595
9801620595
कान्तिपुर
फ्लैक्स प्रिन्ट
मेनरोड, बर्दिबास, महोत्तरी
हाम्रो सेवाहरू
• फ्लैक्स प्रिन्ट • होर्डिङ्ग बोर्ड • 2D बोर्ड • 3Dबोर्ड
• भिजिटिङ्ग कार्ड • टि-सर्ट प्रिन्ट • स्टाम्प • कप प्रिन्ट
छपाई सम्बन्धी सम्पूर्ण कामको लागि हामीलाई सम्झनुहोस ।

हामीलाई www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।

## अवैध उत्खनन रोक्न मध्यरातमा मुख्यमन्त्री खोलामा



• टक नेपाल

मधेश प्रदेशका मुख्यमन्त्री सतीशकुमार सिंहले बुधबार मध्यरातमा कमला खोलाको अनुगमन गर्नुभएको छ ।

धनुषा र सिरहाको सीमाक्षेत्रमा पर्ने कमला नदीमा रातको समयमा नदीजन्य पदार्थको अवैध उत्खनन भइरहेको जनगुनासो बढेपछि त्यसलाई रोक्न उहाँ मध्यरातमा अनुगमन गर्नुभएको हो ।

अवैध उत्खनन् नियन्त्रण गर्न प्रदेश सरकार प्रमुखबाट अनुगमन भएको यो पहिलो पटक हो । कमला नदीमा भइरहेको अवैध उत्खनन्बारे गोरखापत्र अनलाइन र द राइजिङ् नेपालमा 'रोकिएन कमला नदीमा अवैध उत्खनन' शीर्षकमा समाचार प्रकाशन भएको थियो ।

मुख्यमन्त्री सिंहले नदीजन्य पदार्थको अवैध तथा अनधिकृत दोहनले पारिरिथतिकीय प्रणाली र जैविक विविधतामा प्रतिकूल असर परिरहेकाले यसलाई रोक्नुपर्ने ठानेर अनुगमन गरिएको बताउनुभयो । अवैध उत्खनन्ले मधेशको उर्वरभूमि मरुभूमिमा परिणत भइरहेको र सरकारलाई प्राप्त हुनुपर्ने राजस्व समेत गुमिरहेको उहाँले जानकारी दिनुभयो ।

राष्ट्रिय वनक्षेत्र र सामुदायिक वन क्षेत्रमा रहेका खोलाबाट अवैध तथा अनुचित तवरमा ढुङ्गा, गिट्टी र बालुवा उत्खनन् भइरहेको तथा अन्य ठाउँमा अनाधिकृत रूपले नदीजन्य पदार्थको दोहन रोक्न धनुषा प्रहरीका प्रमुख एवं प्रहरी उपरीक्षक भुवनेश्वर तिवारी सहितको प्रहरी टोली राति १२ बजेदेखि ३ बजेसम्म त्यस क्षेत्रमा अनुगमन गर्नुभयो ।

धनुषा प्रहरीका प्रवक्ता एवम् प्रहरी नायब उपरीक्षक वरुणबहादुर सिंहले मुख्यमन्त्री सिंहको अगुवाइमा भएको अनुगमनको क्रममा छापामारी गरिएको बताउनुभयो । छापामारी क्रममा नदीजन्य पदार्थ ओसारपसार गरिरहेको १३ वटा ट्र्याक्टर, दुई वटा बकेट र पाँच जना चालकलाई नियन्त्रणमा लिइएको उहाँले जानकारी दिनुभयो ।

मुख्यमन्त्री सिंहसहितको टोली धनुषाको गणेशमान चारनाथ नगरपालिका -७, पोर्ताहास्थित पूर्व-पश्चिम राजमार्गको उत्तरतर्फ वनक्षेत्र भित्रको खोलामा मध्यरात पुग्दा दोहन गरिरहेका स्काइभेटर, टयाक्टर र बकेट तथा त्यसमा संलग्न व्यक्तिहरू अँध्यारोको लाभ उठाउँदै फरार भएका छन् ।

यद्यपि खोलाको उत्खनन स्थलबाट दक्षिणतर्फ आउँदै गरेका ट्र्याकटर, बकेट र चालक नियन्त्रणमा परेका छन् । राष्ट्रिय वनक्षेत्र र सामुदायिक वनक्षेत्रस्थित खोला तथा टेन्डर नलागेका खोलाबाट राति १० बजेदेखि बिहान ४ बजेसम्म ढुङ्गा, गिट्टी र बालुवा उत्खनन् हुने गरेको जानकारी मुख्यमन्त्री सिंहलाई प्राप्त भएको थियो ।

डिभिजन वन कार्यालय धनुषासँग सशस्त्र जनशक्ति अभाव, प्रहरी सुरक्षाकर्मीको सहयोगमा कमी आदि कारणले ठुलो स्तरमा नियन्त्रणात्मक अभियान सञ्चालन नहुँदा स्काभेटर, बकेट आदि उपकरण प्रयोग गरी सयौंको सङ्ख्यामा ट्र्याक्टरबाट नदीजन्य पदार्थको अवैध ओसारपसार हुने गरेको बताइएको छ ।

मुख्यमन्त्रीको अनुगमन टोलीमा सम्मिलित धनुषाका प्रहरी प्रमुख एवम् उपरीक्षक भुवनेश्वर तिवारीले प्राकृतिक साधनस्रोतको अनधिकृत दोहन गरेर गलत तरिकाले पैसा कमाउने प्रवृत्ति बढेको भन्दै यसविरुद्ध कडाइका साथ प्रहरी परिचालन हुने बताउनुभयो । उहाँले यस विषयमा आफूसमेत सदस्य रहेको जिल्ला अनुगमन समितिको बैठक बस्ने र अवैध तथा अनधिकृत दोहन रोक्न आवश्यक थप कदम चालिने उल्लेख गर्नुभयो ।

## भंगहा नगरपालिकामा ६५ दिने मोवाईल तालिम सम्पन्न

• टक नेपाल



महोत्तरीको भंगहा नगर पालिकामा मोवाईल तालिम सम्पन्न भएको छ । **AEIN** को सहयोग तथा भंगहा नगर पालिका समन्वयमा र रोयम नेपालको आयोजनामा युवाहरको सीप विकास तथा रोजगारीको लागि एडभान्स लेबलको मोबाइल मर्मत तालिम सम्पन्न भएको छ ।

नगरपालिका भित्र रहेका दलित तथा पिछाडि पारिएका समुदायीका युवाहरुको सामाजिक तथा आर्थिक रुपान्तरका लागि सक्षम वतावरणको सृजना गर्दै भंगहा नगरपाकि वडा नं. ५ सितापुर बजारमा रुपान्तरण परियोजना अर्नगत यो मोवाईल तालिम दिएको यसै परियोजनाको जिल्ला कार्यक्रम अधिकृत रंजु साहले बताईन ।

१५ जना युवाहरुलाई ६५ दिने मोबाइल मर्मत तालिम प्रदान गरिएको थियो । मोबाइल मर्मत तालिम समापन समारोहमा प्रमुख अतिथि भंगहा नगर पालिकाका मेयर संजिब साहले यस अवस्थामा सीपमूलक तालिम प्राप्त गर्ने कुरा अत्यन्त महत्त्वपूर्ण अवसर भएकाले सिकेको सीपलाई सामान्य अवस्थामा फर्केपछि आय आर्जनमा प्रयोग गर्न सुझाव दिएका थिए ।

सीप सिक्ने र सिकाउने काम प्रत्यक्ष जीवनसंग जोडिएको हुनाले यस प्रकारका तालिम प्रदान गर्ने विषयमा भंगहा नगरपालिकाको सधैं सकार ात्मक भुमिका रहने समेत मेयर साहले प्रतिबद्धता जाहेर गरेका थिए ।

कार्यक्रमा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत विजय यादबले यस संस्था मार्फत नगरपालिकामा अन्य तालिमहरुको अपेक्षा राखेको भन्दै मोबाइल मर्मत तालिमको ब्यवस्थाका लागि धन्यवाद ज्ञापन गरेका थिए ।

यस संस्थाले गरेको तालिमहरु अत्यन्तै राम्रो र युवाहरुलाई रोजगारमुखी भएको हुनाले हाम्रो नगर पालिकाले अगामी दिनहरुमा पनि सहयोग र सहकार्य गर्ने तयार रहेको अधिकृत यादबले बताए ।

समापन समारोहमा उत्कृष्ट प्रशिक्षार्थीलाई पुरस्कार प्रदान गर्नुका साथै सम्पूर्ण सहभागीलाई प्रमाणपत्र वितरण गरिएको थियो ।

प्रशिक्षार्थीहरुले अनुभव मन्तब्य राख्दै सामान्य जीवनमा फर्किएर यही आयआर्जनको माध्यम बनाउने प्रतिवद्धता व्यक्त गरेका थिए ।

उक्त मोबाइल मर्मत तालिम समापन कार्यक्रम भंगहा नगर पालिकाका मेयर संजिब साहको प्रमुख अतिथित्यमा भएको कार्यक्रममा भंगहा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत विजय यादब,प्रशिक्षक तिलोतम काफ्ले, सह प्रशिक्षक बरुन कुमार साह लगायतका ब्यक्तिहरुको उपस्थिति रहेको थियो ।

0%
ब्याजदरमा आकर्षक मोवाईलहरु
अब अन्त किन?
हाम्रै सहर बर्दिबासको
हर्ष उत्कर्ष ट्रेडर्स

बर्दिबास न.पा.-१४, महोत्तरी
पुरानो शुभ स्वस्तिक हस्पिटलको भवनमा
मो. ९८४१५५६५००, ९८०७८३६३५५

मधेस प्रदेशमै पाइल्सको १ मात्र लेजर सर्जरी

विधिबाट पाइल्स, फिस्टुला, फिसर, पाइलोनाइडल साइनसको उपचार
डा. अफजल मन्सुरी
द्वारा
पोखरा र काठमाण्डौमा विगत लामो समयदेखि हजारौं बिरामीहरुलाई सफल उपचार गरिसक्नु भएका अनुभवी वरिष्ठ डा अफजल मन्सुरी टिमद्वारा जाँच उपचार तथा परामर्श हुने भएकोले समयसै सम्पर्क राखी मौकाको फाइदा उठाउनुहुन अनुरोध गरिन्छ ।
डा. अफजल मन्सुरी
BAMS, IOA, NSU, Dang
CCKAS, AIAA, Ghaziabad (Delhi)
NWCLD of Lasser Theraphy on Benign anorectal disease & vericoseveins
BHU Baransi, India
NAMC No.: 786
हरेक हप्ताको आइतबार, सोमबार र मंगलबार
समय: बिहान १०:००-५:०० बजेसम्म

बाँझोपन, नि:सन्तान महिला पुरुषको उपचार पनि गरिन्छ ।
लेजर सर्जरी नै किन ?
☑ भर्ना हुनु नपर्ने
☑ दुखाई नहुने
☑ रोग पुनः नदोहोरिने
☑ सवारी साधन चलाएर घर फर्कन सकिने साथै नियमित काम गर्न सकिने
हाम्रा सेवाहरु
◆ पायल्स, फिसर, फिस्टुला
◆ दिसा गर्दा रगत आउँने
◆ दिसा गर्दा मासु आउने
◆ दिसा गर्दा दुखाइ हुने
◆ मलद्वारमा फोका देखिनु
◆ मलद्वारमा पिप निस्कनु
◆ मलद्वार चिलाउनु
◆ मलद्वार सुन्निनु
◆ कब्जीयत
◆ हाडजोर्नी, नशा
◆ यौन समस्या
◆ छाला रोग आदि
पायल्स, फिसर, फिस्टुला
दिशा घरमा मासु पलाएको, दुख्ने पोल्ने, चिलाउने, रगत बग्ने, दिशा गर्दा मासु बाहिर आउने, दीर्घकालीन कब्जियत, दिशा नखुल्ने, गानोगोला साथै मलद्वार सम्बन्धी सम्पूर्ण समस्या
सम्पर्क:
ग्राण्डी आयुर्वेद प्रोक्टो लेजर क्लिनिक
बर्दिवास-१, बरगाछीटोल, महोत्तरी, 9864070612, 9807647760

परिवर्तनका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily राष्ट्रिय दैनिक

## सम्पादकीय

# भारतसंग चिडिएको अमेरिका

बिश्वको शक्तिशाली राष्ट्र अमेरिका र दक्षिण एसियाको शक्तिशाली राष्ट्र भारतकाबीचमा अहिले सम्बन्ध चिसिएको जस्तो देखिन्छ। अमेरिका आफैमा शक्तिशाली राष्ट्र भयो भने भारत पनि नेपाल जस्तो देशका लागि निकै शक्तिशाली नै भयो तर अमेरिकाका लागि खासै शक्तिशाली नहोला नै। अमेरिकाले अहिले बिश्वका धेरै देशलाई चिडाएको छ नै। विशेषगरी विभिन्न तरिकाले अमेरिकामा लुकेर बस्न बाध्य भएका अन्य देशका नागरिकहरुको सवालमा अमेरिकाले कठोर नीति लिएपछि अमेरिका र बिश्वका देशहरुको सम्बन्ध बिग्रने देखिन्छ।

तर, यो अमेरिकाका लागि खासै फरक नपर्ने देखिन्छ । कयौं हिसावमा अमेरिका आत्मनिर्भर छ भने भारत जस्तो देश त उस्तै परेको खण्डमा अमेरिकालाई आवश्यक पर्दैन भने नेपालको त कुरै नगरौं नेपाल जस्ता देश र कतिपय अवस्थामा अमेरिकासंग आश्रित पनि छन्।

नेपालमा केही अमेरिकी परियोजनाहरु संचालित छन्। ती पनि अमेरिकामा राष्ट्रपतिमा डोनाल्ड टम्प आएपछि रोकिएको समाचारहरु आइरहेका छन्।

यसरी हेर्दा अबको चार वर्ष बिश्वका लागि अमेरिका सहज हुने देखिदैन । भारत जस्तो आफूलाई धनी र सम्पन्न राष्ट्र बताउने देशको अवस्था त अब सहज देखिदैन भने नेपालको कुरै नगरौं। हालै अमेरिकामा अवैद्य रुपमा रहेका भारतीयहरुलाई अमेरिकाले प्लेन चार्डड गरेर नै पठाइदिएपछि झन् भारत र अमेरिकाबीचको सम्बन्ध बिग्रिएको छ। अब हेरौं, बिश्वमा चार वर्षमा के हुन्छ अनि कस्तो हुने हो टम्पको कार्यकाल।

# धनुषामा ट्रान्सफर्मर चोरीको घटना बढ्दो, किसान चिन्तित

● विजयकुमार साह



धनुषा जिल्लामा पछिल्लो समय सिँचाइका लागि जडान गरिएको विद्युत ट्रान्सफर्मर चोरीका घटना बढेका छन्। मङ्गलबार मिथिला बिहारी नगरपालिका-५, ललियामा सिँचाइका लागि जडान गरिएको ट्रान्सफर्मर चोरी भएको छ। ट्रान्सफर्मर चोरी भएपछि स्थानीय किसान थप चिन्तित बनेका छन्।

एक महिना अधिमात्र मिथिला नगरपालिका-१ मा सिँचाइ प्रयोजनका लागि जडान गरिएको ट्रान्सफर्मर चोरी भएको थियो। त्यसअघि मिथिला नगरपालिकाकै श्रीपुरमा भएको ट्रान्सफर्मर चोरीका कारण करिब २० विघा खेतको सिँचाइ पूर्ण रूपमा ठप्प भएको छ।

स्थानीय किसानका अनुसार ट्रान्सफर्मर चोरीले सिँचाइ कार्य ठप्प हुँदा खेतीपातीमा समस्या उत्पन्न भएको छ। चोरी गर्ने समूहले विद्युत लाइन काटेर ट्रान्सफर्मर भुइँमा खसाल्ने र महँगो तामाको तार निकालेर लैजाने गरेको छ।

मिथिला नगरपालिका-१, का वडाध्यक्ष जोगी महतो ले भूमिगत पानी तानेर खेतबारी सिँचाइ गर्न जडान गरिएको विद्युत ट्रान्सफर्मर चोरी हुन थालेपछि किसान समस्यामा परेको बताउनुभयो। उहाँले भन्नुभयो, "चोरको कत्रो आँट, ११ हजार भोल्टको विद्युत लाइन काटेर ट्रान्सफर्मर सजिलै चोरर लान्छ। यस्तो कार्य गर्ने पक्कै पनि विद्युतको काम गर्ने हुनुपर्छ।" ट्रान्सफर्मर चोरीले किसान मर्कामा परेकाले चोरी नियन्त्रण र सिँचाइ प्रबन्ध सुरक्षित बनाउन प्रभावकारी पहल हुनुपर्ने वडाध्यक्ष महतोको भनाइ छ।

नेपाल विद्युत प्राधिकरण तथा वितरण केन्द्र सखुवा महेन्द्रनगरका प्रमुख प्रविणकुमार मिश्रले चोरी हुनबाट जोगाउन ट्रान्सफर्मरलाई वेल्डिङ् गरेर निकाल्न नसक्ने गरी बनाएको बताउनुभयो। उहाँका अनुसार वेल्डिङ् गर्न छुटेका ट्रान्सफर्मर चोरी भएको छ।

प्रमुख मिश्रले सिँचाइ योजनाका अधिकाङ्श ट्रान्सफर्मर टाढा खेतबारी र सुनसान ठाउँमा जडान गरेकाले पनि चोरी हुने गरेको जानकारी दिनुभयो। त्यस्ता सिँचाइ योजना उपभोक्ता समितिमार्फत सञ्चालन भएकोले ट्रान्सफर्मरलाई चोरी हुनबाट जोगाउन गाउँ नजिक तथा मानिसले देखिने गरी सडक छेउ जडान गर्न समितिका पदाधिकारीलाई सुझाव दिँदै आएको उहाँले बताउनुभयो।

चोरीका घटनामा वृद्धि भएपछि प्रहरीले विद्युत प्राधिकरणसँग मिलेर ३७ वटा ट्रान्सफर्मरलाई वेल्डिङ गरी सुरक्षित बनाउने प्रयास गरेको छ। तर, यी प्रयास पनि चोरको जुक्तिको अगाडि प्रभावकारी साबित हुन नसकेको स्थानीयको भनाइ छ। अधिकाङ्श सिँचाइ ट्रान्सफर्मर सुनसान चौरमा जडान गरिएको छ।

रातको समयमा मानिसको निगरानी नहुँदा चोरको निशामा पर्ने गरेको छ।

मधेश प्रदेश भूमिगत जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालयको तथ्याङ्क अनुसार धनुषा र महोत्तरीका विभिन्न ग्रामीण क्षेत्रमा जडान गरिएको आठ वटा ट्रान्सफर्मर चोरी भएका छन्। कार्यालयका इन्जिनीयर अलिशेल यादवका अनुसार यस कार्यालय मार्फत जडान गरिएको ट्रान्सफर्मरमध्ये चालू र गत आर्थिक वर्षमा गरी त्यति सङ्ख्यामा चोरी भएको हो।

एउटा ट्रान्सफर्मर जडान गर्न करिब ५ लाख रुपैयाँ खर्च लाग्छ। डिपट्युबेलबाट ४० हेक्टर जमिनमा सिँचाइ सम्भव हुने भएकाले चोरीले ठूलो आर्थिक र कृषिजन्य क्षति पुर्‍याउँछ।

अहिले धनुषा र महोत्तरीमा जडान गरिएका ४१ वटा डिपट्युबेलबाट सिँचाइ भइरहेको छ। एउटा ड्रिल ट्युवेल निर्माण तथा सञ्चालन गर्न करिब १५ लाख रुपैयाँ लाग्ने गरेको इन्जिनियर यादवले बताउनुभयो। गोरखापत्रबाट


बर्दिवास-खुर्कोट-घुर्मी-ओखलढुङ्गा
टिकट बिक्री केन्द्र
प्रत्येक दिन बिहान ६:३०
बर्दिवास, महोत्तरी



सुनौलो वि. पी. यातायात क. प्रा. लि.
टिकट बुकिङ्गको लागि सम्पर्क:
प्रकाश कार्की ९८१९८८३७२० ९८६४१०४०११
उमेश थापा ९८०७६२७२५५ ९८६४०२२३५०
रोहित श्रेष्ठ ९८६१२१२३५२ ९८२७८३०९३३

सिटी केयर हस्पिटल
HEALTHCARE & DIAGNOSTIC CENTRE PVT. LTD.
सिन्धुली रोड, बर्दिबास (राष्ट्रिय वाणिज्य बैंकको उत्तर पट्टिको हरियो भवनमा)



हाम्रो सेवाहरु
NICU & ICU सेवा सहित
– २४ सै घण्टा इमरजेन्सी सेवा
– दैनिक ओपिडि सेवा (जेनरल मिडिसिन, स्त्रीरोग, बालरोग, जेनरल सर्जरी, छालारोग र थाईरेड)
– भिडियो एक्स-रे, डिजिटल एक्स-रे सेवा
– ल्याब सेवा
– अन्तरंग विभाग सेवा
होल बडी चेकअपमा २५% छुट
☎ 044-550527/9801050527/9801150527

HOTEL NAVYA Pvt. Ltd.
ISO 9001:2015 CERTIFIED
HOTEL NAVYA PVT. LTD.
Bardibas - 4, Mahottari, Nepal | Tel.: +977 - 9854034761 / 044-550761



AMENITIES
WIFI, FREE PARKING, ELECTRIC MASSAGE, GYM
SPANISH BAR, CONFERENCE HALL, BUSINESS CENTER, WEDDING HALL
BANQUET, CHILDREN FRIENDLY, ASHOK VATIKA, HOSPITALITY SERVICES
OUTDOOR COURTYARD TO READ, WORK AND RELAX



# पेट्रोलियम पदार्थ अन्वेषणलाई तीव्रता दिन सांसदको माग



**• टक नेपाल**

प्रतिनिधिसभाको आजको बैठकको शून्य समयमा सांसदहरुले दैलेखमा पेट्रोलियम पदार्थ अन्वेषणलाई तीव्रता दिन सुझाव दिँदै नेपाल विद्युत् प्राधिकरणको शेयर वितरण गर्नेदेखि सकल, भूमिहीन सुकुम्बासी, जातीय भेद्भाव, तटबन्धनआदि विषयमा सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराउनुभयो।

बैठकमा नेकपा (एकीकृत समाजवादी) का सांसद अम्मरबहादुर थापाले दैलेखमा जारी पेट्रेलियम पदार्थको अन्वेषणको दोस्रो चरणको काम सुरु भएको र तेस्रो चरणको कामलाई सरकारले तीव्रताका साथ अगाडि बढाउन माग गर्नुभयो । दैलेखको भैरवी गाउँपालिका-१ जलजले क्षेत्रमा पेट्रोलियम पदार्थ र प्राकृतिक ग्यास अन्वेषणका लागि ड्रिलिङ काम भइरहेको छ।

उहाँले नेपालको अर्थतन्त्रलाई गतिशील बनाउन वितरणमुखी भन्दा उत्पादनमूखी बनाउनेतर्फ सरकारले बेलैमा सोचोस् । अन्तरजातीय विवाहलाई निरुत्साहित हो इन प्रोत्साहनको वातावरण बनाउन कानुनी व्यवस्था गर्न माग गर्नुभयो।

नेकपा (एमाले) का सांसद अमरबहादुर रायमाझी उदयपुरको कटारी नगरपालिका-१४ घुर्मीस्थित सुनकोशी खानेपानी आयोजना गत असोजको बाडीबाट मुहान र पाइपलाइन ध्वस्त भएको जनाउँदै नगर पालिकाका अन्य स्थानमा पनि बाढीले अलपत्र पारेका आयोजनाको चाँडो निर्माण सम्पन्न गर्न सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराउनुभयो।

सोही पार्टीका अमृतादेवी अग्रहरिले सीमा नाकामा साना व्यापारीमाथि राजस्व विभागका कर्मचारीले अन्याय गरिरहेको जनाउँदै सम्बन्धित निकायको ध्यानाकर्षण गराउनुभयो।

सांसद आश्माकुमारी चौधरीले भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसो बासीको समस्या समाधान गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो । स्वतन्त्र सांसद अमरेशकुमार सिंहले बागमती नदीबाट सर्लाहीको बरहथवा नगरपालिकाका १, २ र ३ तथा १३, १४ र १५ वडा हरेक वर्ष कटानले नागरिकलाई घरबारविहीन बनाएको भन्दै नदीकटान रोक्ने दीर्घकालीन व्यवस्थापन गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो।

**विद्युत् प्राधिकरणको शेयर वितरण गर्न माग**

नेपाली कांग्रेसका सांसद अर्जुननरसिंह केसीले नेपाल विद्युत् प्राधिकरण ऐन बमोजिम सर्वसाधरणलाई शेयर जारी गर्नुपर्ने भए पनि हालसम्म त्यसो हुन नसकेको भन्दै तत्काल कानुन अनुसार २० प्रतिशत शेयर वितरण गर्न ध्यानाकर्षण गराउनुभयो । कांग्रेसकै उदयशमशेर राणाले गत असोजको बाढीले ललितपुरका विभिन्न क्षेत्रका नागरिक प्रभावित भएको र चार महिनाको अवधिमासमेत उद्धार र पुनःनिर्माणको कामले गतिलिन नसकेको भन्दै सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराउनुभयो।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसद अशोककुमार चौधरीले ताप्लेजुङको पाथीभरामा केबलकार निर्माणका नाममा जनतालाई दुःख दिने काम तत्काल बन्द गर्न र संवाद र सहमतिका आधारमा समस्या समाधान गर्न सम्बन्धित निकायको ध्यानाकर्षण गराउनुभयो । रास्वपाकै अषिम साहले आफ्ना पार्टी सभापति रवि लामिछानेलाई राजनीतिक प्रतिशोध साँधेर जिल्ला जिल्ला घुमाइरहेको र उहाँको सांसद पद निलम्बन गरिनु खेदजनक कार्य भएको भन्दै तत्काल निलम्बित सांसद पद फुकुवा गर्न माग गर्नुभयो।

कांग्रेसका सांसद आशा विकले सर्लाही घटनाले दलित समुदायमाथि भइरहेको विभेद्को घटनाको प्रतिनिधित्व गरिरहेको भन्दै पीडितलाई न्याय दिन सरकारको ध्यानाकर्षण गराउनुभयो। एमालेका सांसद ईश्वरबहादुर रिजालले अढाइ महिनाअघि प्रमुख प्रतिपक्षी दलका नेपा नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले सार्वजनिक मञ्चमा 'कुजातहरुको सम्बन्धले हामी पनि बिग्रियौँ' भन्ने शब्द बोलेको र उक्त शब्दबारे स्पष्ट पार्नको निम्ति प्रतिपक्षी दलका नेतालाई रुलिङ गर्न सभामुख समक्ष माग गर्नुभयो।

सांसदहरु ईश्वरी न्यौपाने, उर्मिला थेवे, ऋषिकेश पोखरेल, एकनाथ ढकाल, कल्पना मियाँ कुसारी, किरणकुमार साह, गङ्गाप्रसाद यादव, चन्दा कार्की (भण्डारी), चन्द्रबहादुर विश्वकर्मा, चित्रबहादुर केसी, छविलाल विश्वकर्मा, छिरिङ डम्डुल लामा, छिरिङ ल्हामु लामा (तामाङ), जावेदा खातुन जागा, ज्वालाकुमारी साह, जीवन परियार, कान्तिका सेजुवाललगायतले समसामयिक विषयमा सरकारको ध्यानाकर्षण गराउनुभएको थियो।

साईवर अपराधबाट जोगिऔं !!!

कम्प्युटर, मोवाईल र ईन्टरनेट प्रयोग गर्दा यी कुराहरु ध्यान दिनुहोस् ।

- बलियो पासवर्ड राखौं र पासवर्डलाई नियमित रुपमा परिवर्तन गरौं ।
- अपरिचित व्यक्ति वा कार्यालयबाट आएका शंकास्पद मेल, म्यासेज, लिङ्क नखोलौं ।
- अपरिचित व्यक्तिले युजरनेम र पासवर्ड मागे नदिऔं ।

ह्वाट्स एप, ईमो, भाइबर, मेसेन्जरलगायतका सामाजिक सञ्जालमा आएका शंकास्पद

- भिडियो वा अडियो कल नउठाऔं । त्यस्ता कल पटक पटक आए ब्लक गरौं ।

आफ्ना व्यक्तिगत विवरणहरु (ओटिपी, युजरनेम, पासवर्ड, बैंक खाता नम्बर, पिनकोड, नागरिकता नम्बर, राहदानी नम्बर, जन्म मिति) कसैलाई शेयर नगरौं, सुरक्षित राखौं ।

औहरी नगरपालिका,
महोत्तरी, मधेश प्रदेश

# प्रदेश सभालाई जिम्मेवार बनाउन संसदीय पत्रकारको भूमिका महत्वपूर्ण



**• टक नेपाल**

मधेश प्रदेशका सभामुख रामचन्द्र मण्डलले प्रदेश सभाको गतिविधि जनता समक्ष लानमा पत्रकारहरूको अहम् भूमिका हुने बताउनु भएको छ।

सभामुख रामचन्द्र मण्डलले नव गठित संसदीय पत्रकार समाज जनकपुरधामका पदाधिकारीहरूसँगको बिहिबार भएको भेटघाटमा बोल्दै सो कुरा बताउनु भएको हो।

उहाँले प्रदेश सभाका सबै गतिविधिहरू जनता समक्ष पारदर्शी रुपमा लानु पर्ने पक्षमा प्रदेश सभा भएकाले संसदीय पत्रकार समाजका पत्रकारहरूसँग प्रदेश सभाले सबै प्रकारको सहकार्य गर्नका लागि तयार भएको बताउनु भयो।

सभामुख मण्डलले कार्यपालिका, व्यवस्थापिका तथा न्यायपालिकाको कामकाजलाई पारदर्शी र जिम्मेवार बनाउनमा पत्रकारिता क्षेत्रको अहम् भूमिका हुने भएकाले मधेश प्रदेशमा गठन भएको समाजले संसदीय मर्यादा बढाउनका लागि अहम् भूमिका खेल्ने बताउनु भयो।

मधेश प्रदेशका प्रदेश सभा सचिवालयका सचिव बासु को इरालाले संसदीय अभ्यासलाई पारदर्शी तथा मर्यादित बनाउनमा संसदीय पत्रकार समाजले राम्रो भूमिका खेल्ने बताउनुभयो । सो कार्यक्रममा नव गठित समाजका अध्यक्ष विरेन्द्र रमण, सचिव विकास साहले बोल्नु भएको थियो।



# न्यायको माग गर्दै अदालत अगाडि धर्ना




**● टक नेपाल**

कर्तव्य ज्यान मुद्दाका अभियुक्तलाई सफाइ दिएको भन्दै रौतहटमा एक परिवार जिल्ला अदालत अगाडि धर्नामा बसेको छ।

पसलमा उधारो सामान नदिएको भन्दै २०७६ असार ४ गते राति १० बजे यमुनामाई गाउँपालिका-४, सरुअठा गाउँका विनोद गुप्तालाई गाउँकै एक समूहले मरणासन्न हुने गरी कुटपिट गरेको थियो।

टाउकोमा गम्भीर चोट लागेका विनोदको उपचारको क्रममा नेशनल मेडिकल कलेज बीरगंजमा ६ दिनपछि असार १० गते मृत्यु भएको थियो।

मृत्यु लगत्तै मृतकको भाइ राजन गुप्ता र उनको श्रीमती अनिता देवीले दिएको जाहेरीको आधारमा नाबालक निखिल सिंह, विन्देश्वरी सिंह, रामकिशोर सिंह, रोहित कुमार सिंह, रोशन सिंह, अरविन्द कुमार सिंह, वडाबाबु सिंह र रामविनोद सिंहमाथि तत्कालै जिल्ला प्रहरी कार्यालय रौतहटमा कर्तव्य ज्यान मुद्दा दर्ता भएको थियो।

रामकिशोर सिंह र रामविनोद सिंह, निखिल कुमार सिंहलाई १ वर्षअघि प्रहरीले पक्राउ गरी रौतहट जिल्ला अदालतमा पेस गरेको थियो।

अदालतले अभियुक्तमध्ये एक जना नाबालक १३ वर्षीय निखिल कुमार सिंहलाई तत्काल सुधार गृह बीरगंज र पछि अभिभावकको जिम्मा लगाएको थियो। रामकिशोर सिंह र रामविनोद सिंहलाई जिल्ला अदालतले धरौटीमा छोड्ने आदेश दिएको थियो।

माघ २० गते आइतबार जिल्ला न्यायाधीश मनोज केसीको इजलासले अभियोग दाबी नपुग्ने भन्दै दुवैलाई सफाइ दिएपछि पीडित परिवार आन्दोलित भएका हुन्।

सोमबारदेखि जाहेरीवाला राजन गुप्ता र मृतककी श्रीमती अनिता देवी सपरिवार समर्थकसहित आन्दोलन तथा धर्नामा उत्रिएका हुन्।

उक्त घटनाका अन्य ४ जना आरोपित भने हालसम्म फरार रहेको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ।

# स्रोत नखुलेको रकम सहित दुई जना पक्राउ



**● टक नेपाल**

पर्सा र धनुषामा स्रोत नखुलेको रकमसहित २ जना पक्राउ परेका छन्।

पर्साको वीरगन्ज महानगर पालिका-१० आदर्शनगरबाट स्रोत नखुलेको नगद ७ लाख रुपैयाँ सहित बिन्दबासिनी गाउँपालिका-३ झौवा बस्ने ४३ वर्षीय अजय कुमार साहलाई बुधबार दिउँसो प्रहरीले पक्राउ गरेको छ।

जिल्ला प्रहरी कार्यालय पर्साबाट खटिएको प्रहरीले उनलाई उक्त नगद सहित पक्राउ गरेको हो।

यसैगरी धनुषाको शहीदनगर नगरपालिका-३ यदुकुहा बजारबाट स्रोत नखुलेको १ लाख ४७ हजार भारतीय रुपैयाँ सहित सबैला नगरपालिका-११ इनर्वा टोल बस्ने २० वर्षीय चन्द शेखलाई बुधबार दिउँसो प्रहरीले पक्राउ गरेको छ। इलाका प्रहरी कार्यालय यदुकुहाबाट खटिएको प्रहरीले तिनकोरीयाबाट यदुकुहातर्फ आउँदै गरेको ज.१२ प २०३६ नम्बरको मोटरसाइकलमा सवार उनलाई उक्त नगद सहित पक्राउ गरेको हो।

यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

पाठेघरको मुखको क्यान्सर विरुद्धको
एच.पि.भी. खोप अभियान २०८१
राष्ट्रिय खोप कार्यक्रम
२०८१ माघ २२ देखि फागुन ६ गते सम्म
एच.पि.भी. खोप अभियान कहिले सञ्चालन हुँदैछ ?
एच.पि.भी. खोप अभियान देशैभर
२०८१ साल माघ २२ गते देखि फाल्गुण ०६ गतेसम्म सञ्चालन हुँदैछ।
तर आ-आफ्नो गाउँटोलमा एच.पि.भी. खोप अभियान सञ्चालन हुने दिन फरक फरक हुनसक्छ।
त्यसैले आफ्नो गाउँटोलमा एच.पि.भी. खोप अभियान कहिले सञ्चालन हुन्छ भनेर थाहा पाउन महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका, विद्यालय नर्स, विद्यालयका शिक्षक शिक्षिका, स्वास्थ्यकर्मी, स्थानीय तहका निर्वाचित जनप्रतिनिधीहरूलाई सोध्नु पर्दछ।
थप जानकारीका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको पैसा नलाग्ने हेल्लो हेल्थ कल सेन्टर ११९५ वा नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुहोस्।
खोप निःशुल्क पाइन्छ | खोप सुरक्षित छ | खोपले जीवन रक्षा गर्छ
स्वास्थ्य कार्यालय महोत्तरी
मधेश प्रदेश

# मधेश प्रदेशको सञ्चार ऐन संशोधनसम्बन्धी प्रतिवेदन बुझाइयो



**● टक नेपाल**

मधेश प्रदेशका गृह, सञ्चार तथा कानुनमन्त्री राजकुमार लेखीलाई मधेश प्रदेशको संशोधनसहितको सञ्चार ऐनसम्बन्धी प्रतिवेदन आज बुझाइएको छ। आमसञ्चार प्राधिकरणका अध्यक्ष श्यामसुन्दर यादव नेतृत्वको टोलीले उक्त प्रतिवेदन बुझाएको हो।

सो प्रतिवेदनमा प्रदेश सञ्चारसम्बन्धी ऐन २०७७ र प्रदेश एफएम रेडियो सञ्चालन ऐन २०७७ मा आवश्यक संशोधनसहितका विषय समावेश गरी मन्त्री लेखीलाई बुझाइएको प्राधिकरणका अध्यक्ष यादवले जानकारी दिनुभयो। उहाँका अनुसार दुवै विधेयकमा त्रुटि हुँदा कार्यान्वयनमा समस्या भएपछि मन्त्रिपरिषद्को गत असोज २१ गतेको निर्णयले संशोधन समिति गठन गरेको थियो।

दुवै ऐन एक-अर्कासँग बाझिने अवस्था देखिँदा संशोधनसहित एकीकृत गर्ने तयारी भइरहेको यादवको भनाइ छ। प्रदेश सञ्चारसम्बन्धी ऐन २०७७ भदौ ६ गते प्रमाणीकरण भएको थियो भने प्रदेश एफएमरेडियोसम्बन्धी ऐन २०७७ साउन ५ गते प्रमाणीकरण भएको थियो।

*रासस*

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल
☞ २४ सैं घण्टा इमर्जेन्सी सेवा
☞ ICU,NICU,PICU सेवा
☞ Endosocopy/Diode Laser सेवा
☞ विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
☞ Laproscopy सेवा
☞ X-Ray, USG, CT Scan सेवा
☞ क्याबिनको समेत व्यवस्था भएको
☞ 24/7 Ambulance सेवा


SHUBHA SWOSTIK HOSPITAL PVT.LTD
शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनरोड बर्दिबास, महोत्तरी
०४४-५५०२५५

बर्दिबास मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित, प्रकाशकः तुलसामाया कार्की, कार्यकारी निर्देशकः ललन मण्डल, प्रवन्धकः बिनोद ढुङ्गेल, सम्पादक : रंजुकुमारी साह
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com